आज मिति २०७८ साल भाद्र २६ गते शनिबारका दिन यस साँफेबगर नगरपालिकाका नगर प्रमुख श्री कुल बहादुर कुँवरज्यूको अध्यक्षतामा आ.व.२०७८/०७९ को तेस्रो कार्यपालिका बैठक देहाय बमोजिमको उपस्थितीमा बसी निम्नानुसारका प्रस्तावहरु माथि छलफल गरी निर्णय पारित गरियो ।

**उपस्थितीः**

| क्र.सं. | नाम, थर | पद | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री कुल बहादुर कुँवर | अध्यक्ष एवं नगर प्रमुख | ९८५१०७७११८ | |
| २. | श्री बिर्मला देवी बुड्थापा | सदस्य एवं नगर उप-प्रमुख | ९८६८७०७४४६ | |
| ३. | श्री अमर बहादुर शाह | सदस्य एवं वडा अध्यक्ष -१ | ९८६८४३६५५५ | |
| ४. | श्री कालु सिंह कुँवर | सदस्य एवं वडा अध्यक्ष -२ | ९८५८६५०७१२ | |
| ५. | श्री कृष्ण बहादुर बुढा | सदस्य एवं वडा अध्यक्ष -३ | ९८६५६२६२६४ | |
| ६. | श्री बालगिरी कुँवर | सदस्य एवं वडा अध्यक्ष -४ | ९८४८६७७५०२ | |
| ७. | श्री उजिरे साउँद | सदस्य एवं वडा अध्यक्ष -५ | ९८६८५२५५६ | |
| ८. | श्री प्रेम राज शर्मा | सदस्य एवं वडा अध्यक्ष -६ | ९८४८६१२७६० | |
| ९. | श्री मिठ्ठु सिंह भाट | सदस्य एवं वडा अध्यक्ष -७ | ९८४८४११६९९ | |
| १०. | श्री टंक बहादुर कुँवर | सदस्य एवं वडा अध्यक्ष -८ | ९८६९१५६८६६ | |
| ११. | श्री ध्रुब बहादुर थापा | सदस्य एवं वडा अध्यक्ष -९ | ९८४८५५४०३५ | |
| १२. | श्री लाल बहादुर खडका | सदस्य एवं वडा अध्यक्ष-१० | ९८४८६९२९४८ | |
| १३. | श्री गणेश बहादुर खडका | सदस्य एवं वडा अध्यक्ष -११ | ९८६५८३२६४५ | |
| १४. | श्री प्रकाश बहादुर राना | सदस्य एवं वडा अध्यक्ष -१२ | ९८४८५३०१९१ | |
| १५. | श्री सागर सिंह सोनार (बाब्ली) | सदस्य एवं वडा अध्यक्ष -१३ | ९८५८४२६५२४ | |
| १६. | श्री कर्ण बहादुर साउँद | सदस्य एवं वडा अध्यक्ष -१४ | ९८४८६७७९८६ | |
| १७. | श्री जीत बहादुर निशानी लुहार | सदस्य | ९८६२५०१०८८ | |
| १८. | श्री दुरी देवी कुँवर | सदस्य | ९८१४६६७२१० | |
| १९. | श्री सुरत बहादुर भुल | सदस्य | ९८६९४४०७५९ | |
| २०. | श्री सावी मिजार | सदस्य | ९८०४६८३८३५ | |
| २१. | श्री शंकर भुल | सदस्य | ९८४८६००८७६ | |
| २२. | श्री जयन्ती देवी बोगटी | सदस्य | ९८६८८००१८२ | |
| २३. | श्री सावित्री देवी कुँवर | सदस्य | ९८६८७२४०६२ | |
| २४. | श्री शान्ती देवी जोशी | सदस्य | ९८४८५२६५४९ | |
| २५. | श्री लक्ष्मी प्रसाद शर्मा | सचिव नि.प्र.प्र.अ. | ९८५८४३०१११ | |

**आमन्त्रितः**

| | | | | |
|---|---|---|---|---|
| २६. | | | | |

प्रस्तावहरुः

१. रिपोर्टिङ
२. गिट्टी बालुवाको ठेक्का सम्बन्धमा ।
३. करार कर्मचारी नियुक्ति सम्बन्धमा ।
४. करार सेवामा कार्यरत कर्मचारीहरुको पारिश्रमिक वृद्धि सम्बन्धमा ।
५. विविध

<u>**निर्णयहरुः**</u>

**निर्णय नं. १**

प्रस्ताव नं.१ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिकामा भाद्र ३ गते सम्पन्न दोस्रो कार्यपालिका बैठक यता भए गरेका कार्यक्रम तथा कृयाकलापहरुको बारेमा नगर प्रमुखज्यूबाट संक्षिप्त रुपमा रिपोर्ट प्रस्तुत भई वडा तहको रिपोर्टिङ सम्बन्धित वडा अध्यक्षको प्रस्तुति पश्चात कार्य सञ्चालनार्थ देखिएका समस्या तथा कमी कमजोरीलाई नगर प्रमुखज्यूको सम्बोधन सहित आपसी सहमती तथा सहकार्यबाट समाधान गर्ने गरी रिपोर्टिङ कार्य सम्पन्न गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका क्षेत्र भित्रका नदीनालाहरु बाट बार्षिक रुपमा उठाईंदै आएको रोयल्टी रकम चालु आ.व. २०७८/०७९ मा पनि उठाउने प्रयोजनको लागि मिति २०७८ श्रावण १२ गते सम्पन्न प्रथम कार्यपालिका बैठकको निर्णयानुसार भ्याट बाहेक रकम रु. ५० लाखमा टेण्डर आव्हान गरिएकोमा तोकीएको समय सिमा भित्र कुनै पनि फर्म तथा व्यक्तिहरुको टेण्डर नपरेकोले पुनः ३० दिनको म्याद राखी टेण्डर आव्हान गर्ने र टेण्डर प्रक्रिया पुरा नहुञ्जेल सम्म रोयल्टी रकम तपसिल बमोजिमको दररेटमा रही उठाउने कार्यको जिम्मेवारी सम्बन्धित वडा कार्यालयलाई दिने र कोही कसैले वडा कार्यालयको नगदी रसिद बिना नदीजन्य पदार्थ उठाई ढुवानी गरेको पाईएमा ट्याक्टरको हकमा रु. ३ हजार र ट्रिपर तथा ट्रक (जुनसुकै) को हकमा रु.५ हजार जरिवाना गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

तपसिलः

- ट्याक्टर प्रति ट्राली - रु. ४००/-
- ट्रिपर (६ चक्के) प्रति ट्राली - रु. ८००/-
- ट्रक (६ चक्के) प्रति ट्राली – रु. १०००/-
- ट्रिपर (१० चक्के) प्रति ट्राली - रु. १२००/-
- ट्रक (१० चक्के) प्रति ट्राली – रु. १३००/-

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका वडा नं. ०४ स्थित मष्टामाण्डौं स्वास्थ्य चौकी अन्तर्गत प्रसुति गृहका लागि आवश्यक १ जना स्वीपर पदमा करार सेवामा नियुक्तिका लागि विज्ञापनको प्रक्रिया अघि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने सर्वसम्मत निर्णय पारित गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस साँफेबगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय तथा वडा तह्मा करार सेवामा कार्यरत कर्मचारीहरुले साविकमा खाईपाई आएको पारिश्रमिकमा २०७८ श्रावण १ गते देखि लागू हुने गरी रकम रु. २ हजार वृद्धि गरी पारिश्रमिक उपलब्ध गराउन प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने सर्वसम्मत निर्णय पारित गरियो ।

उल्लेखित निर्णयहरु पारित गर्दै आजको बैठक सम्पन्न गरियो ।